फोन नं:०७८-४१६१८५

# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किवास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.०८०।०८१
चं.नं.

मितिः२०८०/०५/०४

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सुचना प्रकाशित मिति :- २०८०/०५/०४)

यस विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत आ.व.०८०/०८१ का लागि देहायका पदमा देहायको संख्या र योग्यता भएका कर्मचारी सेवा करारमा लिनु पर्ने आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. आवश्यक पदहरुको विवरणः-

| क.स | विज्ञापन नं. | पद | संख्या | आवश्यक शैक्षिक योग्यता | उमेर हद | कै. |
|---|---|---|---|---|---|---|
| १. | १-०८०/०८१ | प्राविधिक सहायक | १ | सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण । | दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको हुनुपर्ने । | |
| २. | २-०८०/०८१ | प्रहरी सहायक निरीक्षक | १ | नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण वा सो सरहको कोर्ष उत्तिर्ण गरेको | नेपाल प्रहरी वा सशस्त्र प्रहरी सेवाबाट अवकास भई ४५ वर्ष ननाघेको । | |
| ३. | ३-०८०/०८१ | प्रहरी हवलदार | २ | नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थावाट S.L.C वा सो सरहको कोर्ष उत्तिर्ण गरेको। | नेपाल प्रहरी वा सशस्त्र प्रहरी सेवाबाट अवकास भई ४५ वर्ष ननाघेको । | |
| ४. | ४-०८०/०८१ | प्रहरी जवान | ६ | नेपाल सरकावाट मान्यता प्राप्त शैक्षिक संस्थावाट कक्षा ८ उत्तिर्ण गरेको। | दरखास्त फारमदर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र ४५ वर्ष ननाघेको हुनुपर्ने छ। | |
| ५. | ५-०८०/०८१ | कार्यालय सहयोगी | ६ | सामान्य लेखपढ गर्न सक्ने। | दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको हुनुपर्ने छ। | |

**२. प्राविधिक सहायकको हकमा आवश्यक योग्यताहरुः-**

(क) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,

(ख) पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षक र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्ने सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, ६ महिनाको अनुभव भएको ।

२०८०।५।४

प्रमुख प्रशासकीय अधिकृत

फोन नः०७८-४५६५८५

# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किवास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.०८०।०८१
च.नं.

मिति:२०८०/०५/०४

३. नगर प्रहरीको हकमा आवश्यक योग्यताहरुः-

(क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ख) मानव अधिकार र मानवीय कानूको उल्लघंनमा सजाय नपाएको,

(ग) कुनै राजनितिक दल र सव दलको भातृ संस्था संगठनको सदस्य नरहेको,

(घ) पुरुषको हकमा घटीमा ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५५ के.जी. भएको,

(ङ) महिलाको हकमा घटीमा ५ फिट र तौल ४५ के.जी. भएको,

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(छ) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको,

(ज) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(झ) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

४-दरखास्त दस्तुरः—

क- प्राविधिक सहायक, प्रहरी सहायक निरिक्षक र प्रहरी हवलदार का लागिः-रु.५००।

ख- प्रहरी जवान र कार्यालय सहयोगीका लागिः-रु.३००।-

५-परीक्षाको किसिमः-

| | |
|---|---|
| क- प्राविधि सहायक | -- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परिक्षा |
| ख- प्रहरी सहायक निरीक्षक | – शारिरिक परिक्षण, अन्तर्वाता । |
| ग- प्रहरी हवलदार | – शारिरिक परिक्षण, अन्तर्वाता । |
| घ- प्रहरी जवान | – शारिरिक परिक्षण, लिखित परिक्षा अन्तर्वाता । |
| ङ- कार्यालय सहयोगी | – छोटोसूची, अन्तर्वाता । |

६-तलब सुविधाः- कार्यालयसँगको करार सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ।

७-दरखास्तमा संलग्न गर्नुपर्नेः -उम्मेदवारको व्यक्तिगत विवरण, ३ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्बन्धित विषयमा कार्य गरेको हकमा अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरी यस विनयी त्रिवेणी गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

नोटः- यस विनयी त्रिवेणी गाउँपालिकाको आ.व.०७६/०७७ मा मिति २०७६।११।२७ गते प्रकाशित सूचना अनुसार प्रहरी सहायक निरिक्षक, प्रहरी हवलदार र प्रहरी जवान पदमा दरखास्त पेश गरेका आवेदकहरुले यस सुचना बमोजिम दरखास्त पेश पर्दा पुरानो रसिद पेश गरेको खण्डमा पुनः दरखास्त दस्तुर बुझाउनु पर्ने छैन ।

बोधराज बस्याल
प्रमुख प्रशासकिय अधिकृत

Website: WWW.binayitribenimun.gov.np • E-mail: binayitribenigaupalika@gmail.com